नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

फोन नं. :४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

# प्रेश विज्ञप्ति

नेपालको दोस्रो जनआन्दोलनको राजनीतिक परिवर्तनपछि राष्ट्रिय बालदिवस मनाउने मिति परिवर्तन भई बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई वि.सं. २०४७ साल भाद्र २९ गते (तदनुसार १४ सेप्टेम्बर १९९०) का दिन नेपाल सरकारले अनुमोदन गरेको दिनको सन्दर्भ पारेर नेपाल सरकारको निर्णयानुसार हरेक वर्ष भाद्र २९ गते बालबालिकाको राष्ट्रिय पर्वको रूपमा राष्ट्रिय बाल दिवस मनाईंदै आइएको छ। यसै सन्दर्भमा ५८ औं राष्ट्रिय बाल दिवस "बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार" भन्ने मूल नाराका साथ सम्पन्न भएको छ।

यस मन्त्रालयको आयोजनामा राष्ट्रिय सभा गृहमा सञ्चालित राष्ट्रिय बाल दिवस, २०७९ को मूल समारोह कार्यक्रम माननीय मन्त्री उमा रेग्मीज्यूको प्रमुख आतिथ्यतमा सम्पन्न भएको छ। यस मन्त्रालयका सचिव डिल्लीराम शर्माको अध्यक्षता सम्पन्न भएको उक्त कार्यक्रममा बाल अधिकार संरक्षण तथा सम्वर्द्धनमा राष्ट्रिय बाल अधिकार परिषद्को प्रयास तथा आगामी कार्ययोजनाका विषयमा परिषद्का उपाध्यक्ष श्री बमबहादुर बानियाँले प्रस्तुतीकरण गर्नु भएको थियो।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री लिली थापा, योजना आयोगका माननीय सदस्य सलोनी सिंह प्रधान, नागरिक सङ्गठन सञ्जालका तर्फबाट बेनुमाया गुरुङ, एवम् युनिसेफका प्रतिनिधि एवम् बालिका प्रतिनिधिले बाल अधिकार संरक्षणका लागि आफ्ना पहलहरू, देखिएका सवालहरू र सुझावहरू सहित शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

प्रमुख अतिथि माननीय मन्त्रीज्यूले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको यस कार्यक्रममा स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश मन्त्रालयका सह– सचिव श्री यमलाल भुसालले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन मन्त्रालयका उप– सचिव श्री कृष्ण थापाले गर्नुभएको थियो।
यस सन्दर्भमा आयोजना गरिएको "बालअधिकार प्रर्वद्धनमा अभिभावकको भूमिका" विषयक बालबालिकाको भिडियो निर्माण प्रतियोगितामा उत्कृष्ट ३ वटा भिडियोहरूको सार्वजनिकीकरण र विजयी घोषणा तथा पुरस्कार वितरण गरिएको थियो।

यस कार्यक्रमको पूर्व सन्ध्या २०७९ भाद्र २८ गते माननीय मन्त्री उमा रेग्मीज्यू र सचिवज्यूको समुपस्थितिमा द्वन्द्व कालमा जीवन गुमाएका बालबालिकाको आत्माको चीर शान्तिको कामना सहित अन्तराष्ट्रिय विमान स्थल अगाडि रहेको शान्ति स्मृति पार्कमा दीप प्रज्ज्वलन कार्यक्रम सम्पन्न भएको थियो।

भाद्र २९,२०७९

यमलाल भूसाल
सहसचिव/प्रवक्ता